मा. लखन दास तत्मा
मन्त्री

# प्रदेशका नागरिकहरूको जीवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृतिक विपद जोखिम विरुद्धको घर आवास बीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३

मधेश प्रदेश सरकार

## खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम, धनुषा

मा. लखन दास
मन्त्री

# प्रदेशका नागरिकहरूको जिवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृति विपद जोखिम विरुद्धको घर आवास बीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३

मधेश प्रदेश सरकार, खेलकुद तथा समाज कल्याण मन्त्रालयको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा प्रकृतिक विपदबाट हुने जोखिम विरुद्धको लागि घर आवास सुरक्षा बीमा तथा प्रदेश नागरिकको जिवन रक्षा र सामाजिक सुरक्षाको प्रत्याभुति गर्न दुर्घटना बीमा कार्यक्रम रहेकोले मधेश प्रदेशमा स्थायी बसोबास गरेका नागरिक र आवासको प्राकृतिक वा अन्य विपदका कारण हुने जोखिमबाट सुरक्षा गर्न दुर्घटना बीमा र घर बीमा गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले मधेश प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खेलकुद तथा समाज कल्याण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**प्रदेशका नागरिकहरूको जिवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृति विपद जोखिम विरुद्धको घर आवास बीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"आवास"**भन्नाले मधेश प्रदेशका नागरिकहरूको मधेश प्रदेशभित्रको सम्पूर्ण निजी (ढलान, टाली, जस्ता छाना लगायत फुसको घर समेत) भवनलाई सम्झनु पर्छ।

(ख) **"घर बीमा"**भन्नाले नेपाल बीमा प्राधिकरणको सम्पत्ति बीमा निर्देशिका, २०८० मा उल्लेख गरिएको घर बीमा लेख सम्झनु पर्छ।

(ग) **"दुर्घटना"** भन्नाले बाहिर आँखाले स्पष्ट देख्न सकिने र संघातिक माध्यमबाट हुने आकास्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ ।

(घ) **"दुर्घटना बीमा"**भन्नाले नेपाल बीमा प्राधिकरणको दुर्घटना बीमा निर्देशिका, २०७८ मा उल्लेख गरिएको व्यक्तिगत/सामूहिक दुर्घटना बीमा लेख सम्झनु पर्छ।

(ङ) **"नागरिक"** भन्नाले यस प्रदेश भित्र स्थायी बसोबास गरेका निम्न अनुसारको व्यक्तिलाई सम्झनु पर्छ।

(१) नागरिकता प्रमाणपत्रमा यस प्रदेश भन्दा बाहेकको जिल्ला स्थायी ठेगाना भई यस प्रदेश भित्र बसाई सराई गरि आएका व्यक्ति,

(२) नागरिकता प्रमाणपत्रमा यस प्रदेशको स्थायी ठेगाना भई यसै प्रदेशमा बसोबास गरेका व्यक्ति,

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
धनुषा, नेपाल

(३) यस प्रदेशमा विवाह भई आएको तर विवाहित नागरिकता बनाउन नसकेको महिला,

(४) उमेर वा अन्य कारणले नागरिकता प्रमाणपत्र प्राप्त गर्न नसकेको यस प्रदेशमा स्थायी बसोबास गरेको।

(च) **"प्रदेश"** भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(छ) **"प्रदेश सरकार"** भन्नाले मधेश प्रदेश सरकार सम्झनु पर्छ।

(ज) **"बीमक"वा"बीमा कम्पनी"** भन्नाले प्रतिस्पर्धाबाट छनौट भएको बीमा कम्पनी सम्झनु पर्छ।

(झ) **"बीमा शुल्क"** भन्नाले बिमितको तर्फबाट प्रदेश सरकारले तिर्ने शुल्क (प्रीमियम) सम्झनु पर्छ।

(ञ) **"बीमाङ्क"** भन्नाले बीमा गरिने नागरिकहरुका लागि तोकिएको प्रति व्यक्ति क्षतिपूर्ति रकम र घरधुरी तथा आवास भवनको हकमा - बीमा गर्नको लागि प्रति आवासको अधिकतम स्वीकार गरिएको मूल्य सम्झनुपर्छ।

(ट) **"बिमित"** भन्नाले मधेश प्रदेश सरकारको समाज कल्याण बिषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश सरकारको समाज कल्याण बिषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) **"स्थानीय तह"** भन्नाले मधेश प्रदेश भित्र रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र तिनका वडा कार्यालय समेतलाई सम्झनु पर्छ।

३. **बिमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारणः** लाभग्राहीको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारण देहाय बमोजिम हुनेछः-

(क) यसै प्रदेशका नागरिकले यस बीमा वापतको लाभ प्राप्त गर्न योग्य हुनेछन्।

(ख) घर बीमा मार्फत प्रदेश सरकारले नागरिकको घरधुरी मध्ये मन्त्रालयले निर्धारण गरेको सङ्ख्या बराबरको देहायमा उल्लेख भएको प्रत्यक्ष भौतिक क्षतिको अवस्थामा लाभ प्राप्त गर्न सक्नेछ।

(१) अग्नीजन्य क्षति

(२) हावाजन्य क्षति

(३) पानीजन्य क्षति

(४) भूमीजन्य क्षति

(५) खस्ने वा भासिने सम्बन्धी क्षति

(६) चटयाङ्गजन्य क्षति

(७) विस्फोटनजन्य क्षति

मा. लखन दास तत्मा
मन्त्री
खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश

(८) आकासीय सामग्रीजन्य क्षति
(९) धक्का दिएर छोएर लडेर वा लागेर हुने क्षति
(१०) स्वजलन क्षति
(११) हुलदंगा तथा आतंकबादजन्य क्षति

(ग) दुर्घटना बीमा मार्फत मन्त्रालयले मधेश प्रदेश भित्रका सबै नागरिक मध्ये मन्त्रालयले निर्धारण गरेको सङ्ख्या बराबरको नागरिकले दुर्घटना भई ज्यान गुमाएमा वा स्थायी पूर्ण अशक्तता भएमा बीमा बापतको लाभ प्राप्त गर्न सक्नेछ।

(घ) मन्त्रालयको विनियोजित बजेटको परिधिभित्र खण्ड (ख) र (ग) बमोजिम घर बीमाको बीमा संख्या मधेश प्रदेश भित्रका ३५,००० (पैतिस हजार) घरधुरी र दुर्घटना बीमाको बीमा संख्या मधेश प्रदेश भित्रका १०,००० (दश हजार) नागरिकको हुनेछ।

(ङ) खण्ड (घ) मा उल्लेखित बीमा संख्यामा मन्त्रालयले विनियोजित बजेटको परिधिभित्र रहि थपघट गर्न सक्नेछ।

४. **बीमा सम्झौताः** मन्त्रालयले बीमा कम्पनीसँग बीमा सम्झौता वा समझदारी गर्दा देहायका शर्तहरु पालना गर्नुपर्नेछ।

(क) घर बीमाको विमाङ्क रकम प्रति घरधुरी अधिकतम रू.५,००,०००/- (पाँच लाख) र दुर्घटना बीमाको विमाङ्क रकम प्रति ब्यक्ति रू.५,००,०००/- (पाँच लाख) हुनेछ। कार्यक्रमको प्रभावकारीता हेरी मन्त्रालयले बीमाङ्क रकम बढाउन वा घटाउन सक्नेछ।

(ख) घर बीमा र नागरिक बीमा को बीमा अवधि प्रिमियम तिरेको मितिदेखि १ वर्षको हुनेछ।

(ग) घर बीमाको हकमा प्राकृतिक विपद वा दफा ३ को खण्ड (ख) मा उल्लेख भएको कारण क्षति भएमा घरधुरी धनी वा नजिकको हकवालालाई बीमा कम्पनीले क्षतिपूर्ति बापतको दाबी रकम प्रदान गर्नेछ।

(घ) मन्त्रालयले १ वर्ष सम्म (बीमा अवधि भर) दफा ३ को खण्ड (घ) अनुसार तोकेको घर संख्या सम्मको क्षतिपूर्ति दाबी गर्न पाउने छ।

(ङ) दुर्घटना बीमाको हकमा प्रदेशका नागरिकहरु नेपाल र भारतमा दुर्घटना भई ज्यान गुमाएमा वा स्थायी पूर्ण अशक्तता भएमा बीमा कम्पनीले दाबी बापतको रकम प्रदान गर्नेछ। मन्त्रालयले १ वर्ष सम्म (बीमा अवधि भर) दफा ३ को खण्ड (घ) अनुसार तोकेको नागरिक संख्या सम्मको दाबी गर्न पाउने छ।

(च) दुर्घटना बीमा अन्तर्गत व्यक्तिले ज्यान गुमाएमा नेपाल बीमा प्राधिकरणको नियमानुसार क्रिया खर्च र अन्य सुविधा विमकले उपलब्ध गराउनु पर्नेछ।

मधेश प्रदेश सरकार
... समाज कल्याण मन्त्रालय
धनुषा, नेपाल

(छ) यस कार्यविधिमा तोकिएकोमा यसै कार्यविधि बमोजिम र नतोकिएकोमा नेपाल बीमा प्राधिकरणको ऐन, नियम, निर्देशिका वा प्रचलित कानुन बमोजिम हुनेछ।

(ज) बीमा लेखहरूको सम्झौता अनुसूची १ को ढाँचा बमोजिम हुनेछ।

५. **बीमालेखले नसमेट्ने विषयहरूः** बीमालेख अन्तर्गत देहायका अवस्थामा बीमकले दाबी भुक्तानी गर्न पाउने छैनः-

(क) जानी जानी आफैले लगाएको चोटको कारणबाट भएको हानी,

(ख) आत्महत्या वा यसको प्रयास,

(ग) मादक पदार्थ वा लागूऔषधको प्रभावका कारण,

(घ) गैरकानूनी तरिकाले उडेको उडानबाट,

(ङ) खतरनाक खेलहरू जस्तै- घोडादौड, बञ्जी जम्पिङ, प्यारागलाइडिङ, मोटरसाइकल रेस,

(च) बिमितले कुनै प्रचलित कानून भंग गरेको कारणबाट,

(छ) पूर्व निर्धारित युद्ध, हुलदंगा, आक्रमण, क्रान्ति भएको कारणबाट भएको क्षति।

६. **बीमा कम्पनीको छनोटः** मन्त्रालयले प्रचलित नियम कानुनको अधिनमा रही तपसिल बमोजिमको प्रक्रिया पुर्याई प्रतिस्पर्द्धात्मक विधिबाट बीमा कम्पनीको छनोट गर्नुपर्नेछ।

(क) राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा २१ दिनको सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने।

(ख) मन्त्रालयमा गठित मूल्याङ्कन समितिले निम्न बमोजिमको मापदण्डका आधारमा प्रस्तावको मूल्याङ्कन गरी बीमा कम्पनी छनोट गर्नेः

(१) नागरिकको दुर्घटना वा विपदबाट क्षति भएका घरधुरीको जोखिम न्यूनिकरणका लागि घर बीमा र दुर्घटना बीमा गर्न प्रस्ताव भएको,

(२) कुनै निश्चित भौगोलिक सिमाभन्दा प्रदेशको जुनसुकै स्थानका घरधुरी र नागरिक तथा उनीहरुको जनधनको सुरक्षा लाई समेट्ने गरी प्रस्ताव भएको,

(३) जोखिमको यकिन तथा बीमा भुक्तानी प्रक्रियाको सरलता र शिघ्रता देखिने गरी प्रस्ताव भएको,

(४) न्यूनतम बीमा शुल्क (प्रिमियम दर)

(५) प्रस्तावमा प्रदेशभित्रका सम्पूर्ण नागरिक र आवासलाई समेटिने गरी बीमा हुने संख्या बराबरको क्षतिपूर्ति व्यहोर्ने प्रस्ताव गरेको।

(६) प्रस्तावकले पेश गरेको विमा शुल्क नेपाल बीमा प्राधिकरणले तोके बमोजिमको दर भन्दा बढी प्रस्ताव नगरेको।

(ग) खण्ड (ख) बमोजिम छनोट भएको बीमा कम्पनीसँग सम्झौता गरी कार्यदेश दिने।

७. **बीमा शुल्क, व्यवस्था र भुक्तानीः** बीमा गरे बापत बीमा कम्पनीलाई देहाय बमोजिम बीमा शुल्क मन्त्रालयले भुक्तानी गर्नेछ।

(क) मन्त्रालयले घर बीमा शुल्क र दुर्घटना बीमा शुल्क बिमकसँग सम्झौता गरे अनुसार हुनेछ।

(ख) बीमा शुल्कमा नेपाल बीमा प्राधिकरणको नियमानुसार भ्याट वा अन्य छाप टिकट लाग्ने भए सोको रकम मन्त्रालयले भुक्तानी गर्नेछ।

(ग) बीमा बापतको बीमा शुल्क (प्रिमियम) रकम मन्त्रालयले बीमा कम्पनीलाई एकमुष्ठ भुक्तानी गर्नेछ।

(घ) यस दफा बमोजिम मन्त्रालयले तिर्ने बीमा शुल्क नेपाल बीमा प्राधिकरणले तोके बमोजिमको दर भन्दा बढी हुने छैन।

८. **अनुगमन समितिः** (१) यस कार्यविधि अन्तर्गत गरिने सबै प्रकारका बीमाको तथ्याङ्क संकलन, बीमालेखको जारी गर्ने कार्यमा सहजीकरण, बीमालेखको नियमितता, प्रभावकारिता र दाबी फछ्र्योट कार्यमा सहजीकरण गर्नको लागि प्रदेशमा देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ।

(क) सचिव, सम्बन्धित मन्त्रालय - संयोजक

(ख) प्रमुख समाज कल्याण महाशाखा — सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, गृह, सञ्चार तथा कानून मन्त्रालय - सदस्य

(च) बीमा विज्ञ, सम्बन्धित मन्त्रालयले तोकेको व्यक्ति - सदस्य

(छ) प्रतिनिधि, बीमा कम्पनी - सदस्य

(ज) सचिवले तोकेको मन्त्रालयको अधिकृत - सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्नसक्नेछ।

(३) मन्त्रालयले तोके अनुसारको कर्मचारीलाई सदस्य सचिवको रूपमा खटाउनेछ।

(४) बीमा विज्ञ भन्नाले बीमा सम्बन्धी कम्पनीमा अधिकृतस्तरमा कम्तिमा दश वर्ष कार्य अनुभव प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

९. **दाबी भुक्तानी प्रकृयाः** यस कार्यविधि अन्तर्गत बीमा गरिएका नागरिक तथा आवासको हानी नोक्सानी हुन गई सोको क्षतिपूर्ति बीमकले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) दुर्घटना बीमा गरिएको नागरिक वा हकवालाले घटना भएको मितिले ३५ दिन भित्र बीमकलाई मन्त्रालयको सिफारिस सहित लिखित जानकारी दिनुपर्नेछ।

(ख) कुनै कारण बस विमितले दुर्घटना बीमा बापतको क्षतिपुर्ति नपाउने भए मन्त्रालयलाई सात दिन भित्र लिखित जानकारी गराउनुपर्नेछ।

(ग) घर बीमाको हकमा, बीमकले लिखित जानकारी पाएको तीन दिन भित्र आवश्यक भएमा क्षति मूल्याङ्कनको लागि बीमा समिति वा नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त सर्भेयर खटाई सक्नु पर्नेछ वा दाबी नलाग्ने भए नागरिक वा विमितलाई सात दिन भित्र लिखित जानकारी दिनु पर्नेछ।

(घ) घर बीमाको हकमा, दफा ३ को खण्ड (ख) मा उल्लेख भए बमोजिमको क्षति भएमा विमकले न्यूनतम एक लाख र अधिकतम पाँच लाख सम्म क्षतिपूर्ति रकम घरधनीलाई दिनु पर्नेछ।

(ङ) बीमकले क्षतिको निरीक्षण गरिसके पछि प्रतिवेदन तयार गर्नका लागि घरधनीले अनुसूची २ मा उल्लिखित ढाँचाको दाबी फाराम भरी देहाय बमोजिमको कागजात बुझाउनु पर्नेछ।

(१) भवन रहेको जग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपी वा प्रयोगको निस्सा,

(२) स्वीकृत भवनको नक्साको प्रमाणित प्रतिलिपी वा स्थानीय तहको सिफारिस,

(३) नागरिकता / राष्ट्रिय परिचयपत्र वा स्थानीय तहको सिफारिस

**स्पस्टिकरणः** दफा २ को खण्ड (ङ) (४) बमोजिम नागरिकता प्रमाण पत्र नहुनेको हकमा स्थायी बसोवास गरेको स्थानीय तहको सिफारिस

(४) मर्मत लागत अनुमान,

(५) स्थानीय तह, नजिकको प्रहरी कार्यालय र प्रदेशको सम्बन्धित मन्त्रालयका सिफारिस

(६) सम्पूर्ण जानकारी सहित विमकले उपलब्ध गराएको दाबी फाराम।

(च) खण्ड (ख) बमोजिम विमकले सर्भेयर खटाएको वा नखटाएको हकमा घरधनीले खण्ड (घ) अनुसारको सम्पूर्ण कागजात विमकलाई पेश गरेको पन्ध्र दिनभित्र विमकले दाबी फछ्र्योट गर्नु पर्नेछ।

(छ) बीमकले भुक्तानी गरेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(ज) दावी फाराम नेपाली भाषामा हुनुपर्नेछ।

१०. **बीमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सकिनेः** बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न सम्बन्धित मन्त्रालय वा बीमा कम्पनीले देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन सक्नेछः-

(क) मन्त्रालयले बीमा सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम जिल्ला तथा स्थानीय स्तरमा सञ्चालन गर्न सक्नेछ।

(ख) मन्त्रालयले यस कार्यक्रम बारे समाजिक संजाल मार्फत प्रचार प्रसार गर्न सक्नेछ।

(ग) खण्ड क र ख सम्बन्धि कार्यक्रम संचालन गर्न लाग्ने खर्च खर्च मापदण्ड निर्देशिका र बिनियोजित बजेट बमोजिम मन्त्रालयले व्यवस्थापन गर्नेछ।

(घ) मन्त्रालयले मोबाईल एप निर्माण गरी बीमा कार्यक्रमलाई प्रभावकारी र सहज कार्यान्वयन तथा प्रचार प्रसार गर्ने कार्य गर्नेछ।

११. **कार्यविधीको व्याख्याः**यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा ब्यवधान आएमा मन्त्रालयले सो सम्बन्धी बाधा अर्चन निरूपण गर्नेछ।

१२. **यसै कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा तोकिएको विषय यसै कार्यविधि बमोजिम र नतोकिएकोमा विषय नेपाल बीमा प्राधिकरणको ऐन, नियम, निर्देशिका वा प्रचलित कानुन बमोजिम हुनेछ।

मा. लखन दास तत्मा
मन्त्री
खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश

## अनुसूची-१

### (दफा ४ को खण्ड (ज) सँग सम्बन्धित)

### घर बीमा तथा नागरिक दुर्घटना बीमा सम्बन्धी सम्झौता पत्र

खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश सरकार, जनकपुरधाम, नेपाल (यसपछि "प्रथम पक्ष"भनिने) र ......................................... (यसपछि "दोस्रो पक्ष" भनिने) मधेश प्रदेशमा स्थायी बसोबास गरेका नागरिकहरूको दुर्घटना बीमा र मधेश प्रदेशभित्रका आवासहरूको प्राकृतिक वा अन्य विपदका कारण हुने जोखिमबाट सुरक्षा गर्न घर बीमा कार्यान्वयन गर्ने व्यवस्था गर्न दुवै पक्ष तपसीलको शर्तमा यो सम्झौता गरि एक एक प्रति लियौं दियौं।

मधेश प्रदेश सरकार
समाज कल्याण मन्त्रालय
धनुषा, नेपाल

**शर्तः**

**बीमा गरिने संख्या**

१. आवास (घरधुरी) संख्या ....................

२. नागरिक वा व्यक्तिको संख्या ....................

**घर/आवास बीमासम्बन्धी व्यवस्था**

१. घर बीमालेख मधेश प्रदेशमा अवस्थित सम्पूर्ण घरहरुको लागि लागू हुनेछ। बीमाको अवधि सम्झौता भएको मितिबाट एक वर्ष रहनेछ।

२. बीमाङ्क रकमः रू. ................... हुनेछ।

३. "प्रदेशका नागरिकहरूको जिवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृति विपद जोखिम विरुद्धको घर आवासबीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३" को दफा ३ को खण्ड (ख) मा उल्लेख भएबमोजिमको क्षति भएमा प्रथम पक्षले दोस्रो पक्षसंग बीमा दाबी गर्न पाउनेछ।

४. प्रथम पक्षले बीमा अवधि भरी अधिकतम ............ घरसम्मको क्षति भएमा दोस्रो पक्षलाई दाबी गर्न सक्नेछ।

५. "प्रदेशका नागरिकहरूको जिवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृति विपद जोखिम विरुद्धको घर आवासबीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३" दफा ३ को खण्ड (ख) मा उल्लेख भए बमोजिमको क्षति भएमा प्रथम पक्षले ले न्यूनतम रू. ............... र अधिकतम रू. ............... क्षतिपूर्ति रकम घरधनीलाई दिनु पर्नेछ।

६. बिमितले बीमा दावीको लागि रित बमोजिम कागजातहरू बुझाएको मितिले ३० दिनभित्र दोस्रो पक्षले दाबी रकम भुक्तानी गर्नु पर्नेछ।

**नागरिक दुर्घटना बीमासम्बन्धी व्यवस्था**

१. यो बीमा मधेश प्रदेशमा स्थायी बसोबास भएका सम्पूर्ण नागरिकहरुको लागि लागू हुनेछ।

२. बीमाको अवधि सम्झौता भएको मितिबाट एक वर्ष रहनेछ।

३. प्रति नागरिक बीमाङ्क रकम रू. .................... हुनेछ।

४. प्रथम पक्षले बीमा अवधि भरी अधिकतम .................... नागरिकको मात्र दोस्रो पक्षलाई दाबी गर्न सक्नेछ।

५. नागरिकको उमेरको कुनै सीमा लागू हुने छैन।

**अन्य प्रावधानहरू**

१. दुवै पक्षले सम्झौताको शर्तहरू इमान्दारितापूर्वक पालना गर्नेछ।

२. प्रथम पक्षले विधि पुर्वक आवास र दुर्घटना वीमाको रकम भुक्तानीको लागि सम्पुर्ण कागजात बुझाए पश्चात तोकिएको समय भित्र **दोस्रो पक्षले भुक्तानी नदिएमा** प्रथम पक्षले **दोस्रो पक्षलाई कालो सूचीमा सामावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।**

३. अन्य केही विवाद उत्पन्न भए मधेश प्रदेश खेलकुद तथा समाज कल्याण मन्त्रालयको "प्रदेशका नागरिकहरूको जिवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृति विपद जोखिम विरुद्धको घर आवासबीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३" र नेपालका प्रचलित कानुन बमोजिम समाधान गरिनेछ।

हस्ताक्षर तथा छाप

**प्रथम पक्षको तर्फबाटः**

नामः ......................................

पदः ......................................

मितिः ......................................

हस्ताक्षरः ......................................

छापः ......................................

**दोस्रो पक्षको तर्फबाटः**

नामः ......................................

पदः ......................................

मितिः ......................................

हस्ताक्षरः ......................................

छापः ......................................

अनुसूची-२

(दफा ९ को खण्ड (ङ) सँग सम्बन्धित)

घर बीमा दाबी फाराम

मितिः .................

श्री ..................................

<u>विषयः दाबी सम्बन्धमा।</u>

महोदय,

उपरोक्त विषयमा यस मन्त्रालय मार्फत त्यस कम्पनीबाट बीमा भएको भवन/घर मिति ................... अन्दाजी .......... बजे ................... स्थानमा ............................................ को कारण क्षति हुन गएकोले नियमानुसार दाबी भुक्तानीको प्रकृया अगाडी बढाईदिनु हुन अनुरोध छ।

१. घरधनीको नामः ............................................................
२. ठेगानाः ............................................................
३. बीमा लेख नम्बरः ............................................................
४. अनुमानित क्षती रकमः ............................................................
५. सम्पर्क नम्बरः ............................................................
६. आवेदकको नाम र दस्तखतः ............................................................
७. आवेदक वा हकवालाको बैंक खाताको विवरणः

खाता नम्बरः ............................................................

बैंकको नाम र शाखाः ............................................................

खाताको नामः ............................................................

(२) देहाय बमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

(क) घर धनीको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पुर्जा वा जग्गाको कित्ता नम्बर उल्लेख गरेको कागजात र घर निर्माण भएको स्थानीय तहको सिफारिस हुनुपर्नेछ,

(ख) आवश्यक अन्य कागजातहरू।